# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।३१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरमा कार्यरत प्रहरी नायव निरीक्षक सुचिप राजभण्डारीले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी सेवामा प्रवेश गरी कार्यरत रहेकाले छानविन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले BIHAR INTERMEDIATE EDUCATION COUNCIL,PATNA INDIA बाट पास गरेको आई.ए तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी सहायक निरीक्षक पदमा शुरु नियुक्ति भै प्रहरी नायब निरीक्षक पदमा बढुवा भएर सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजले गरेको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता